समृद्ध खाँदबारी नगर

# खाँदबारी नगरपालिका

खाँदबारी, संखुवासभा, १ नं. प्रदेश, नेपाल ।

## नगरकार्यपालिकाको बैठक

बैठक मिति: २०७९/०९/२६ बैठक संख्या: १६

बैठक प्रारम्भ समय: दिनको ११:०० बजे बैठक समापन समय: बजे

आजको नगरकार्यपालिकाको बैठकको कार्यसूचीका आधारमा देहाय अनुसार निर्णयहरु सर्वसम्मत रुपमा पारित गरेको छ ।

निर्णयहरु

१. मिति २०७९ माघ १८ गते खाँदबारी नगरपालिकाको २६ औं स्थापना दिवस मनाउने जसका लागि निम्न समितिहरु गठन गर्ने निर्णय गरियो ।

निम्न:

क. खाँदबारी विभूषण ऐन, २०७६ बमोजिमको विभूषण सिफारिस समिति

१. नगर उपप्रमुख - संयोजक
२. भरतकुमार घिमिरे - सदस्य
३. चित्रेरेखा अधिकारी - सदस्य
४. हेमराज घिमिरे - सदस्य
५. प्रमुख प्रशासकीय अधिकृत - सदस्य-सचिव

ख. कार्यक्रम मूल आयोजक समिति

१. नगर प्रमुख -संयोजक
२. उपप्रमुख -सदस्य
३. सबै वडा अध्यक्षहरु र कार्यपालिका सदस्यहरु -सदस्य
४. प्रमुख प्रशासकीय अधिकृत -सदस्य
५. सबै वडा सदस्यहरु -सदस्य
६. सबै शाखा प्रमुखहरु -सदस्य

ग. कार्यक्रम तयारी तथा संचालन उपसमिति

१. श्री निरञ्जन श्रेष्ठ -संयोजक
२. श्री बिमलराज गौतम - सदस्य
३. श्री दिनेश कट्टेल - सदस्य-सचिव

२. चालु आ. ब. २०७९/८० को लागि संघीय सरकारबाट हस्तान्तरित बाख्रा पकेटक्षेत्र कार्यक्रम संचालन गर्नका लागि यस नगरपालिकाको वडा नं. १ र ७ लाई संयुक्त रुपमा छनौट गर्ने निर्णय गरियो ।

३. यस नगरपालिकामा संघीय सरकारबाट हस्तान्तरित प्रधानमन्त्री रोजगार कार्यक्रम तत्काल संचालन गर्ने र यस कार्यक्रम अन्तर्गत सञ्चालन हुने वडाबाट प्राप्त देहाय अनुसारका आयोजनाहरु कार्यपालिकाबाट स्वीकृत गरी आगामी नगरसभामा पेश गर्ने निर्णय गरियो ।

देहाय :

खाँदबारी नगरपालिका, नगरकार्यपालिकाको निर्णय वा आदेश र अधिकारपत्रको प्रमाणीकरण (कार्यविधि) नियमावली २०७७, नियम ४ बमोजिम कार्यपालिकाको बैठकको निर्णय प्रमाणित

प्रमुख प्रशासकीय अधिकृत

समृद्ध खाँदबारी नगर

# खाँदबारी नगरपालिका

खाँदबारी, संखुवासभा, १ नं. प्रदेश, नेपाल ।

## नगरकार्यपालिकाको बैठक

बैठक मिति: २०७९/०९/२६ बैठक संख्या: १६

बैठक प्रारम्भ समय: दिनको ११:०० बजे बैठक समापन समय: बजे

खाँदबारी नगरपालिका

**नगर कार्यपालिकाको कार्यालय**

खाँदबारी सङ्खुवासभा

**शीर्षक: कामका लागि पारिश्रमिक आयोजनाहरु (प्रधानमन्त्री रोजगार कार्यक्रम)**

जिल्ला : संखुवासभा, स्थानीय तह : खाँदबारी नगरपालिका आ.व. २०७९/२०८०

| क्र.स. | वडा नं. | आयोजनाको नाम | श्रमिकको कार्यविवरण छोटकरीमा | कै |
|---|---|---|---|---|
| १ | १ | पुन्टेधाराबाट सुनडाडा हुँदै पाँचखपन निस्किने बाटो मर्मत | बाटो मर्मत | |
| २ | २ | मानेभन्ज्याङ्गको जिरोपइन्टबाट चारबर हुँदै चेवावेशीसम्मको मोटरबाटो मर्मत | बाटो मर्मत | |
| ३ | ३ | मानेभन्ज्याङ्ग कल्छेवेशी बाटो मर्मत | गोरेटो बाटो मर्मत | |
| ४ | ४ | लिहिवर अरुणधान जाने बाटो मर्मत | गोरेटो बाटो मर्मत | |
| ५ | ४ | धरो कुलो साँधु मर्मत | कुलो मर्मत | |
| ६ | ५ | समाधिदेखि रुपा तरकारीसम्म बाटो मर्मत | बाटो मर्मत | |
| ७ | ५ | चित्र बहादुर आछामीको घरदेखि ज्याप्रङ्गी धारासम्म बाटो मर्मत | बाटो मर्मत | |
| ८ | ५ | पिपल बारी छेउबाट कड विसिको घर पछाडीसम्म | बाटो मर्मत | |
| ९ | ६ | सिरानटोलदेखि सागम जाने गोरेटो बाटो | गोरेटो बाटो मर्मत | |
| १० | ७ | मगरगाउँ ठुलो वेसीदेखि शेर बहादुर श्रेष्ठको घरसम्म जाने गोरेटो बाटो मर्मत | गोरेटो बाटो मर्मत | |
| ११ | ८ | डाँडा गाँउबाट चापाबोटे खत्री धारासम्म गोरेटो बाटो मर्मत | बाटो मर्मत | |
| १२ | ८ | चिप्लेबाट सुगारा जाने गोरेटो बाटो मर्मत | गोरेटो बाटो मर्मत | |
| १३ | ९ | भिमसेन बहादुर कुमालको घर देखि पुरानो पँधेरा जाने बाटो मर्मत | गोरेटो बाटो मर्मत | |
| १४ | ९ | ओजेश घिमिरेको घर छेउदेखि पा.न.पा. होक्से जाने पुल सम्मको गोरेटो बाटो मर्मत | बाटो मर्मत | |
| १५ | १० | शुक्रबारे डाँडा देखि चापाबोटे हुँदै मसान घाट सम्म गोरेटो बाटो मर्मत योजना | गोरेटो बाटो मर्मत | |
| १६ | ११ | वडा कार्यालयदेखि मालिङटार सम्म बाटो मर्मत | बाटो मर्मत | |
| १७ | ११ | सित्तलपाटी ठुलोकुलो छेक मोटरबाटो मर्मत | बाटो मर्मत | |

खाँदबारी नगरपालिका, नगरकार्यपालिकाको निर्णय र आदेश र अधिकारपत्रको प्रमाणीकरण (कार्यविधि) नियमावली २०७४, नियम ३ बमोजिम कार्यपालिका बैठकको निर्णय प्रमाणित

समृद्ध खाँदबारी नगर'

# खाँदबारी नगरपालिका

खाँदबारी, संखुवासभा, १ नं. प्रदेश, नेपाल ।

## नगरकार्यपालिकाको बैठक

बैठक मिति: २०७९/०९/२६ बैठक संख्या: १६

बैठक प्रारम्भ समय: दिनको ११:०० बजे बैठक समापन समय: बजे

४. सबै वडाहरुमा रहेका सडकहरुको लगतकट्टा नगरस्तरीय यातायात गुरुयोजनाबमोजिम सम्बन्धित वडा अध्यक्षज्यूको सक्रियतामा अगाडि बढाउने र सोको लागि आवश्यक प्राविधिक जनशक्ति नगरपालिकाबाट उपलब्ध गराउने निर्णय गरियो ।

५. नगरपालिकाक्षेत्रभित्र रहेका सम्पूर्ण सामुदायिक वनहरुको आम्दानीबाट १० प्रतिशत रकम नगरपालिकामा जम्मा गर्ने गरी रोयल्टी निर्धारण गर्ने निर्णय गरियो । यस विषयलाई आगामी नगरसभामा समेत पेश गर्ने निर्णय गरियो ।

६. नगरपालिकाको लागि आवश्यक वन तथा वातावरण ऐन, शिक्षा ऐन, न्यायिक समितिका लागि मेलमिलाप कार्यविधि निर्माण गर्ने निर्णय गरियो ।

७. युनाईटेड वल्ड स्कूल र खाँदबारी नगरपालिका बिच भएको करार अवधि एक बर्षका लागि थप गर्ने निर्णय गरियो ।

८. तुम्लिङटार विमानस्थलमा अवतरण गर्ने विमान कम्पनीहरुबाट हाल कायम रहेको भाडा दरमा नबढ्ने गरी प्रति टिकट रु. एक सय सामाजिक उत्तरदायित्व अन्तर्गत नगरपालिकाको संचित कोषमा जम्मा गर्ने गरी सम्बन्धित निकायहरुलाई पत्राचार गर्ने र यो विषयलाई आगामी नगरसभामा समेत पेश गर्ने निर्णय गरियो ।

९. यस नगरपालिकाको वडा नं. ९ मा अवस्थित मनकामना मन्दिर परिसर र तुम्लिङटार बजार लाग्ने क्षेत्रमा ट्वाईलेट निर्माण गर्नका लागि भैरव दल गुल्मसँग साझेदारी गर्ने । सो अनुसार ट्वाईलेट निर्माण गर्नका लागि आवश्यक जनशक्ति भैरव दल गुल्मबाट र निर्माण सामग्रीहरु नगरपालिकाबाट उपलब्ध गराउने निर्णय गरियो ।

१०. अन्तर सरकारी वित्त व्यवस्थापन ऐन, २०७४ बमोजिम प्राकृतिक श्रोत साधनबाट प्राप्त हुने रोयल्टी (हिमाल र जलश्रोत) यस नगरपालिकाले समेत पाउने व्यवस्था गर्न सम्बन्धित निकायहरुलाई अनुरोध गर्ने निर्णय गरियो ।

११. आ. व. ०७८/०७९ मा संघीय सरकारले तोके बमोजिम स्थानीय तह संस्थागत क्षमता स्वमूल्याङ्कन (LISA) का सूचकहरुका आधारमा यस नगरपालिकाले सम्पादन गरेका काम कारबाही सम्बन्धी कागजात तथा प्रमाणका आधारमा प्राप्त निम्नानुसार अंकलाई स्वीकृत गरी सफ्टवेयरमा प्रविष्ट गर्ने निर्णय गरियो ।

निम्न:

| सि.नं. | विषय क्षेत्र | सूचक संख्या | | | | पूर्णाङ्क |
|---|---|---|---|---|---|---|
| | | जम्मा | समग्र स्थिति | प्रकृयागत स्थिति | परिमाणात्मक स्थिति | |
| १. | सूचक क्षेत्र नं. १ शासकीय प्रबन्ध | ७.७५ | २.७५ | ३.० | २.० | ९ |
| २. | सूचक क्षेत्र नं. २ संगठन तथा प्रशासन | ७.२५ | १.७५ | ३.० | २.५ | ८ |
| ३. | सूचक क्षेत्र नं. ३ वार्षिक बजेट तथा योजना | ८.० | २.० | २.५ | ३.५ | ११ |
| ४. | सूचक क्षेत्र नं. ४ वित्तीय एवम् आर्थिक व्यवस्थापन | १०.० | १.५ | ४.० | ४.५ | ११ |

खाँदबारी नगरपालिका, [illegible] र [illegible] प्राधिकरण [illegible]
२०७४, [illegible]

समृद्ध खाँदबारी नगर

# खाँदबारी नगरपालिका

खाँदबारी, संखुवासभा, १ नं. प्रदेश, नेपाल ।

## नगरकार्यपालिकाको बैठक

बैठक मितिः २०७९/०९/२६ बैठक संख्या: १६

बैठक प्रारम्भ समयः दिनको ११:०० बजे बैठक समापन समयः बजे

| | | | | | | |
|---|---|---|---|---|---|---|
| ५. | सूचक क्षेत्र नं. ५ **सेवा प्रवाह** | १०.७५ | १.७५ | ३.० | ६.० | १६ |
| ६. | सूचक क्षेत्र नं. ६ **न्यायिक कार्यसम्पादन** | ७.० | १.० | ३.० | ३.० | ७ |
| ७. | सूचक क्षेत्र नं. ७ **भौतिक पूर्वाधार** | ८.७५ | १.७५ | ३.५ | ३.५ | १३ |
| ८. | सूचक क्षेत्र नं. ८ **सामाजिक समावेशीकरण** | ५.५ | १.० | २.५ | २.० | १० |
| ९. | सूचक क्षेत्र नं. ९ **वातावरण संरक्षण तथा विपद् व्यवस्थापन** | ५.५ | १.० | १.० | ३.५ | ९ |
| १०. | सूचक क्षेत्र नं. १० **सहकार्य र समन्वय** | १.२५ | १.२५ | ० | ० | ६ |
| | जम्मा: | ७१.७५ | १५.७५ | २५.५ | ३०.५ | १०० |

१२. खाँदबारी नगरपालिकाको अन्तर जिल्ला तथा अन्तर पालिकाको सीमाना क्षेत्रमा रहेका मुख्य-मुख्य नाकाहरूमा गेट निर्माण हुन बाँकी स्थानहरूमा मितव्ययी तरिकाले स्वागत गेट निर्माण गर्ने निर्णय गरियो ।

१३. नगरपालिकाको मुख्य बजार क्षेत्रमा रहेको पोखरी पार्कमा विभिन्न धर्म संस्कृतिसँग सम्बन्धित मुर्तिहरु राख्ने तथा घण्टाघर समेत रहने गरी निर्माण कार्य अगाडि बढाउन बृहत परियोजना प्रतिवेदन तयार गर्ने निर्णय गरियो ।

१४. वडा नं. ३ मा अवस्थित चिसापानी देखि वडा नं. ८ को डुङ्गेबिसौना सम्मको सडक अत्यन्तै जिर्ण भएकोले मर्मत सम्भार गर्ने निर्णय गरियो ।

१५. खाँदबारी नगरपालिकाका बजार क्षेत्रहरु तथा अन्य सम्पूर्ण वडाहरुका सडकहरुलाई स्तरवृद्धी गर्न लागत अनुमान तयार गरी आगामी नगरसभामा आर्थिक श्रोतको खोजी गरी स्वीकृत गर्ने र कार्य अगाडि बढाउने निर्णय गरियो ।

१६. यस नगरपालिकामा बसोबास गर्ने कुलुङ, थुलुङ, मेवाहाङ, लोहोरुङ र याम्फु जातिलाई सरोकारवालाहरुको निवेदनको आधारमा नगरपालिकामा सूचिकृत गर्ने निर्णय गरियो ।

१७. नगरपालिकाका सबै वडाहरुमा कृषि/कृषक समूहहरु गठन गर्नका लागि वडा कार्यालय, कृषि तथा पशुसेवा उपशाखालाई परिचालन गर्ने निर्णय गरियो ।

१८. बिरामी तथा विपद् पिडितहरुलाई प्राप्त निवेदनका आधारमा निम्नानुसार आर्थिक सहायता उपलब्ध गराउने निर्णय गरियो ।

निम्न:

| सि.नं. | व्यक्तिको नाम थर | ठेगाना | माग गरेको कारण | रकम रु. | सम्बन्धित शिर्षक |
|---|---|---|---|---|---|
| १ | अनुशा श्रेष्ठ | वडा नं. ७ | आगलागी | १५,०००।- | विपद् व्यवस्थापन |
| २ | लोक बहादुर बानियाँ | वडा नं. ७ | आगलागी | १५,०००।- | विपद् व्यवस्थापन |
| ३ | मित्र बहादुर राई | वडा नं. ११ | मुटु रोग | २०,०००।- | आकस्मिक कोष |
| [illegible] | [illegible] | वडा नं. २ | सवारी दुर्घटना | १०,०००।- | आकस्मिक कोष |

खाँदबारी नगरपालिका, ... र अधिकारहरुको प्रत्यायोजन ... २०७४, नियम ... बमोजिम कार्यपालिका बैठकको निर्णय प्रमाणित

प्रमुख प्रशासकीय अधिकृत

समृद्ध खाँदबारी नगर

# खाँदबारी नगरपालिका

खाँदबारी, संखुवासभा, १ नं. प्रदेश, नेपाल ।

## नगरकार्यपालिकाको बैठक

बैठक मिति: २०७९/०९/२६ बैठक संख्या: १६

बैठक प्रारम्भ समय: दिनको ११:०० बजे बैठक समापन समय: बजे

| | | | | | |
|---|---|---|---|---|---|
| ५ | अकिल बहादुर श्रेष्ठ | वडा नं. १० | रुखबाट लडेको | १०,०००।- | आकस्मिक कोष |
| ६ | छत्र बहादुर कार्की | वडा नं.६ | सवारी दुर्घटना | १०,०००।- | आकस्मिक कोष |
| ७ | डम्बर बहादुर श्रेष्ठ | वडा नं. ९ | हर्ट अट्याक | १५,०००।- | आकस्मिक कोष |
| ८ | गणेश आचार्य | वडा नं. ६ | फोक्सोको बिरामी | १०,०००।- | आकस्मिक कोष |
| ९ | लक्ष्मी तामाङ | वडा नं. ५ | स्तन क्यान्सर | ३०,०००।- | आकस्मिक कोष |
| १० | लक्ष्मी कुमार गुरुङ | वडा नं. ४ | मृगौला रोगी | २०,०००।- | आकस्मिक कोष |
| ११ | पवित्रा विश्वकर्मा | वडा नं. ८ | मृगौला रोगी | १५,०००।- | आकस्मिक कोष |
| १२ | विष्णुमाया राई | वडा नं. ४ | मुटु रोगी | १०,०००।- | आकस्मिक कोष |
| १३ | सुरेन्द्र तामाङ | वडा नं. ४ | मृगौला रोगी | २०,०००।- | आकस्मिक कोष |
| १४ | गणेश गुरुङ | वडा नं. ४ | आगलागी | १५,०००।- | विपद् व्यवस्थापन |
| १५ | पर्शुराम नेपाली | वडा नं. ४ | आगलागी | १५,०००।- | विपद् व्यवस्थापन |

१९. यस खाँदबारी नगरपालिकाका नगरप्रमुखज्यू, उपप्रमुखज्यू र प्रमुख प्रशासकीय अधिकृतको सवारी साधन चलाउने सवारी चालकहरुले बिहान बेलुकी तथा बिदाको दिनमा समेत सवारी साधन चलाउनु पर्ने भएकोले उहाँहरुलाई कार्यसम्पादनको आधारमा मासिक रु. ५,०००।- अतिरिक्त सुविधा उपलब्ध गराउने निर्णय गरियो ।

२०. विगतमा कार्यपालिकाले रु. १ लाखसम्मका आयोजना तथा कार्यक्रमहरु सिधै अमानतबाट कार्य गराउने गरेकोमा अब उप्रान्त सबै प्रकारका आयोजना तथा कार्यक्रमहरु उपभोक्ता समिति वा लाभग्राही समुदायबाट नै संचालन गर्ने निर्णय गरियो ।

२१. यस खाँदबारी नगरपालिकाको वडा नं. ४ चिसापानी -अन्तेरदह, लेलुवा-सिम्पाथा-माल्टा खानेपानी आयोजना र माल्टा-लेलुवा-लम्बे-सागम-थालडाँडा मोटरबाटोको बृहत परियोजना प्रतिवेदन तयार गर्ने निर्णय गरियो ।

२२. नगरपालिकाक्षेत्रभित्र प्रवेश गर्ने सवारी साधनहरुबाट सरसफाई शुल्क लिने सम्बन्धमा शुल्क उठाउने नाका, उठ्न सक्ने अनुमानित रकम र अन्य आवश्यक सुझाव तथा कार्यविधि समेत समावेश गरी सात दिनभित्र अध्ययन प्रतिवेदन पेश गर्न निम्नानुसार समिति गठन गर्ने निर्णय गरियो ।

निम्न:

क. श्री महेश्वरा बज्राचार्य -उपप्रमुख, संयोजक

ख. श्री भरत कुमार घिमिरे -वडाअध्यक्ष, वडा नं.३- सदस्य

ग. श्री विमलराज गौतम -वडाअध्यक्ष, वडा नं.९- सदस्य

घ. श्री निरञ्जन श्रेष्ठ -वडाअध्यक्ष, वडा नं.३- सदस्य

ङ. श्री डम्बर बहादुर कटुवाल -वडाअध्यक्ष, वडा नं.८.-सदस्य

च. श्री पवित्रा कुमारी गुरुङ -कार्यपालिका सदस्य- सदस्य

छ. श्री लवहाङ राई -प्रशासकीय अधिकृत- सदस्य-सचिव

खाँदबारी नगरपालिका, नगरकार्यपालिकाको निर्णय वा आदेश र अधिकारपत्रको प्रमाणीकरण (कार्यविधि) नियमावली २०७५, नियम ४ बमोजिम नगरकार्यपालिका बैठकको निर्णय प्रमाणित
लवहाङ आङदे
प्रमुख प्रशासकीय अधिकृत

समृद्ध खाँदबारी नगर'

# खाँदबारी नगरपालिका

खाँदबारी, संखुवासभा, १ नं. प्रदेश, नेपाल।

## नगरकार्यपालिकाको बैठक

बैठक मिति: २०७९/०९/२६ बैठक संख्या: १६

बैठक प्रारम्भ समय: दिनको ११:०० बजे बैठक समापन समय: बजे

२३. जनप्रतिनिधि तथा कर्मचारीहरुलाई आवश्यक सवारी साधन खरिद गर्ने बजेट विनियोजन गर्नका लागि नगरसभामा प्रस्ताव लैजाने निर्णय गरियो।

२४. खाँदबारी नगरपालिका अन्तर्गत नवनिर्मित वडा कार्यालय भवनहरु वडाबाट प्रस्तावित मितिका आधारमा उद्घाटन गर्ने, सो अनुसार वडा नं. ३ को कार्यालय भवन यहि माघ १६ गते उद्घाटन गर्ने र वडा कार्यालय भवनका लागि आवश्यक फर्निचर तथा फिक्चर्सका लागि आवश्यक रकम विनियोजन गर्ने आगामी नगरसभामा प्रस्ताव पेश गर्ने निर्णय गरियो।

२५. खाँदबारी नगरपालिका वडा नं. ९ हरिसिद्दी सामुदायिक वन उपभोक्ता समूहबाट पाँचखपन नगरपालिका वडा नं. ४ होक्से जोड्ने सभाखोलाको लुगाधुनेको जंघार र सिंहदेवी सामुदायिक वन उपभोक्ता समूहबाट पाँचखपन नगरपालिका वडा नं. ४ होक्से जोड्ने सभाखोलाको सिकारीको जंघारमा झोलुङ्गे पुल माग भई आएकोले स्रो निर्माण गर्नका लागि सम्बन्धित निकायमा अनुरोध गर्ने निर्णय गरियो।

२६. यस खाँदबारी नगरपालिका वडा नं. २ धुम्कीडाँडामा डिभिजन वन कार्यालय, संखुवासभासंग साझेदारी गरी पार्क निर्माण गर्नका लागि आगामी नगरसभामा प्रस्ताव पेश गर्ने निर्णय गरियो।

२७. यस नगरपालिकाको वडा नं. २ को अरुणखोला किनार वेतिनीमा निर्माणाधिन पक्की पुल निर्माणका लागि नदीजन्य सामग्री उपलब्ध गराउन नगरपालिकाले आवश्यक सहजिकरण गर्ने जसका लागि वडा नं. २ को वडाअध्यक्षलाई तोक्ने निर्णय गरियो।

२८. वडा समितिको प्रस्तावमा १२औं नगरसभाको बैठकद्वारा पारित योजना तथा कार्यक्रमहरु र नगरसभाबाट स्वीकृत सबै योजना तथा कार्यक्रमहरु संसोधन गर्नु परेमा सोको प्रस्ताव आगामी पुस २९ गतेको कार्यपालिका बैठकमा प्रस्ताव पेश गर्ने निर्णय गरियो।

२९. निम्नानुसार क्रम संख्या १, २, ३ र ४ आयोजना तथा कार्यक्रमहरुको वृहत परियोजना प्रतिवेदन स्वीकृत गरी आगामी आ.व. मा संघीय तथा प्रदेश सरकारसंग समपुरक अनुदान तथा विशेष अनुदानबाट संचालन हुनगरी निम्नानुसार आयोजना तथा कार्यक्रम छनौट गरी प्रस्ताव पठाउने निर्णय गरियो।

निम्न:

क. वागेश्वरी मा.वि. भवन निर्माण, वडा नं. ९

ख. ढोलबाजे पार्क निर्माण योजना, वडा नं. ८

ग. दुवेचौर-सातकुवा-लहरेबर सडक स्तरोन्नती कार्य, वडा नं. १ र ३

घ. वडा नं. ११ को वडा भवन-मालिङटार-खर्तुवा सडक स्तरोन्नती, वडा नं. ११

ङ. बालमृत्युदर तथा मातृमृत्युदर अत्यधिक भएको क्षेत्रमा स्वास्थ्य सेवा सम्बन्धी विशेष आयोजना।

च. अल्पसंख्यक, सीमान्तकृत वर्ग एवं पिछडिएको क्षेत्रमा अपांगता सम्बन्धी कार्यक्रम।

छ. ग्रामीण आमा कार्यक्रम।

खाँदबारी नगरपालिका, नगरकार्यपालिकाको निर्णय तथा आदेश र अधिकारपत्रको प्रमाणीकरण (कार्यविधि) नियमावली २०७४, नियम ४ बमोजिम कार्यपालिकाको बैठकको निर्णय प्रमाणित

प्रमुख प्रशासकीय अधिकृत